चुलाचुली गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

चुलाचुली, इलाम।

अनुसूची २

चुलाचुली गाउँपालिकाको

# राजपत्र

गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्ड, १ संख्या १ प्रकाशित मितिः २०७९।०४।०१

भाग-१

**चुलाचुली गाउँपालिकाको आर्थिक विधेयक, २०७९**

आज्ञाले,

सुवास श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

चुलाचुली गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

चुलाचुली, इलाम।

चुलाचुली गाउँपालिकाको

**चुलाचुली गाउँपालिकाको आर्थिक विधेयक, २०७९**

**गाउँसभाबाट स्वीकृत मितिः २०७९/०३/१०**

**चुलाचुली गाउँपालिका**

**इलाम जिल्ला, १ नं. प्रदेश नेपाल।**

# चुलाचुली गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक, २०७९

**प्रस्तावना** : चुलाचुली गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संचालन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :(१) यस विधेयकको नाम "आर्थिक विधेयक, २०७९ रहेको छ ।

२) यो विधेय गाउँ सभाबाट पारित भै सकेपछि आर्थिक ऐन २०७९ को रुपमा २०७९ साल साउन १ गतेदेखि चुलाचुली गाउँपालिकाका क्षेत्र भित्र तुरुन्त लागु हुनेछ ।

२. **भूमि कर (मालपोत )** : चुलाचुली गाउँपालिकाका क्षेत्रभित्र अनुसूची (१) मा उल्लेख भए बमोजिम नै भूमि कर (मालपोत ) लगाईने र असुल उपर गरिने छ ।

३.. **घर बहाल कर** : चुलाचुली गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसुचि (३) बमोजिम घर जग्गा वहाल कर लगाईने र असुल गरिनेछ ।

४.. **व्यवसाय कर** : चुलाचुली गाउँपालिकाका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसुचि (४) बमोजिम व्यवसाय कर लागाइने र असुल उपर गरिनेछ ।

५. **जडिबुटि, कवाडी र जिवजन्तु कर**: चुलाचुली गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटि, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला, जस्ता बस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसुचि (५) बमोजिमको कर लागाईने र असुल उपर गरिनेछ ।

६. **सवारी साधन कर** : चुलाचुली गाउँपालिकाका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **विज्ञापन कर** : चुलाचुली गाउँपालिकाका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसची (७) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **मनोरञ्जन कर** : चुलाचुली गाउँपालिकाका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसुचि (९) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **बहाल बिटौरी कर** : चुलाचुली गाउँपालिकाका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (१०) मा उल्लेख भए अनुसार सार्वजनिक पर्ती, ऐलानी जग्गा, हाट, बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ ।



१०.. **पार्किङ शुल्क** : चुलाचुली गाउँपालिकाका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (११) बमोजिम पार्किङ शुल्क लगाईने र असुल उपर गरिनेछ ।

११.. **सेवा शुल्क, दस्तुर** : चुलाचुली गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र सेवाग्राहीलाई उपलब्ध गराएको सेवामा अनुसूची (१२) मा उल्लेखित भए अनुसार सेवा शुल्क असुल उपर गरिनेछ ।

१२. **बिक्री तथा निकासी शुल्क** : चुलाचुली गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुंगा, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुंगा, आदि प्राकृतिक एवं खानीजन्य, वस्तुहरुको विक्री गर्न सक्नेछ । साथै आफ्नो क्षेत्रभित्र उत्पादन भै आफ्नो सिमाक्षेत्र बाहिर निकासी हुने ढुंगा,गिट्टी,, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुंगा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको वाह्य निकासीमा अनुसूचि १३ मा उल्लेख भए अनुसार दरमा विक्री तथा निकासी शुल्क लगाइनेछ ।

१३.. **कर छुट** :यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१४. **कर तथा शुल्क सम्बन्धी कार्यबिधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि गाउँपालिकाको तोके बमोजिम हुनेछ ।

१५. **दण्ड र जरिवाना** : यस ऐनको उल्लंघन वापत हुने विभिन्न किसिमका दण्ड र जरीवाना यस ऐनमा उल्लेख भएको अनुसूचि १६ मा व्यवस्था भए अनुसार हुनेछ ।

## अनुसूची १

### (ऐनको दफा २ सँग सम्वन्धीत )

### चुलाचुली गाउँपालिका क्षेत्रभित्र आगामी आ.व. २०७९/२०८० मा तपसिल अनुसारको दर रेटमा मलपोत/भूमिकर असुल गरिनेछ।

| | विवरण | आ.व. २०७९/०८० |
|---|---|---|
| १ | **मालपोत वा भूमी कर** | |
| (क) | ज.वि. –१–० वा ३३८.६३ वर्ग मीटर सम्मलाई (सबै किसिमको जग्गालाई) प्रति कठ्ठा | ५०।०० |
| (ख) | ज.वि. –१–० वा ३३८.६३ वर्ग मीटर भन्दा माथि १-०–० वा ६७७२.६० वर्ग मीटरको प्रति कठ्ठा वा ३३८.६३ वर्ग मिटरसम्मको (सबै किसिमको जग्गालाई) प्रति कठ्ठा थप | १५।०० |
| (ग) | ज.वि. १-०–० वा ६७७२.६० वर्ग मीटर भन्दा माथि २-०–० सम्म वा १३,५४५.२० वर्ग मीटरको प्रति कठ्ठा ( सबै किसिमको जग्गालाई) प्रति कठ्ठा थप | २०।०० |
| (घ) | ज.वि. २-०–० वा १३,५४५.२० वर्ग मीटर भन्दा माथि प्रतिकठ्ठा ( सबै किसिमको जग्गालाई) वा ३३८.६३ वर्ग मीटरको थप | २५।०० |
| | **विवरण** | |
| *नोटः घरजग्गा कर र मालपोत कर तोकिय बमोजिम बार्षिक रूपमा चुक्ता नगरेमा प्रचलित ऐन, कानूनको अधिनमा रही बार्षिक १०% का दरले जरिवाना गरिने* | | |

## अनुसूची (२)

### (ऐनको दफा ३ सँग सम्वन्धीत)

### <u>बहाल कर</u>

| क्र.सं. | घरवहाल कर | कैफियत |
|---|---|---|
| १. | गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा सम्झौता रकमको १० (दश) प्रतिशतका दरले घर जग्गा वहाल कर लगाईने र असुल गरिनेछ। | |



## अनुसूची ३

### (ऐनको दफा ४ सँग सम्वन्धीत)

### <u>व्यवसाय कर</u>

चुलाचुली गाउँपालिकाका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा देहाय बमोजिम व्यवसाय कर लागाइने र असुल उपर गरिनेछ।

| | व्यापार व्यवसायको नाम | |
|---|---|---|
| | **गल्ला तथा किराना पसल** | |
| | १. किराना थोक तथा खुद्रा पसल | १,१००।०० |
| | २. किराना खूद्रा पसल | ४००।०० |
| | ३. भित्री सडकमा रहेका साना किराना पसल | ३००।०० |
| | ४. चिया, नास्ता तथा मिठाई पसल | १,०००।०० |
| | ५. पिउने पानी (प्युरिफायर) वितरण पसल कोक, पेप्सी डिलर | १,७००।०० |
| | ६. कृषी सामाग्री संस्थानको डिलर | ५००।०० |
| | ७. चुरोटको डिलर (प्रति डिलर) | ५,०००।०० |
| | ८. चाउचाउ, चिप्स आदिको डिलर | १,०००।०० |
| | ९. फलफूल पसल डिलर | १,०००।०० |
| | १०. तरकारी पसल डिलर | १,०००।०० |
| | **कपडा तथा फेन्सी पसल रेडिमेट तथा थानवाला** | |
| | १. कपडा तथा फेन्सी पसल | १,१००।०० |
| | २. ब्याग हाउस | २,१००।०० |
| | **जुत्ता चप्पल पसल** | |
| | १. जूत्ताको चप्पल बिक्रि गर्ने पसल | १,१००।०० |
| | १. जूत्ताको चप्पल मरमत गर्ने पसल | ३००।०० |
| | **भाडा पसल, किचन सामाग्री** | |
| | १. भाडा तथा किचन सामाग्री पसल | १,१००।०० |
| | नोटः अपाङ्ग तथा विधुवालाई पूर्ण छुट | |
| | **होटेल एंड लज** | |
| | १. होटेल श्रेणी क 5 star | ७,०००।०० |
| | २. होटेल श्रेणी ख 4 star | ६,०००।०० |
| | ३. होटेल श्रेणी क 3 star | ५,०००।०० |
| | ४. होटेल श्रेणी ख 2 star | ४,०००।०० |
| | ५. होटेल श्रेणी ख 1 star | ३,०००।०० |

| | | |
|---|---|---|
| | ६. मदिरारहित भोजनालय | १,५००।०० |
| | ७. शिलबन्दी मदिरसमेत बिक्री गर्ने होटलहरु (वडा सर्जिमान गरेर आएपछि) | ३,०००।०० |
| | ८. सना चिया पसलहरु | ५००।०० |
| | ९. होटेल, लज, मिष्ठान्न, क्याटरिंग आदि सेवाहरु मध्ये कम्तिमा कुनै ३ प्रकारका संयुक्त सेवा व्यवसाय | १,५००।०० |
| | १०. होटेल ,लज, मिष्ठान्न, क्याटरिंग आदि सेवाहरु मध्ये कम्तिमा कुनै २ प्रकारका संयुक्त सेवा व्यवसाय | १,१००।०० |
| | ११. हल्का पेय पदार्थ | १,०००।०० |
| | १२. चिया कफी तथा मिठाई पसल | १,१००।०० |
| | १३. सामान्य चिया कफी (फुटथापमा) | ५००।०० |
| | १४. पार्टी प्यालेस | ५,०००।०० |
| | १५. डेरी पसल | १,२००।०० |
| | १६. रिसोर्ट | ५,०००।०० |
| | १७. रेष्टुरेन्ट एंड बार | ५,०००।०० |
| | १८. रेष्टुरेन्ट | २,०००।०० |
| | १९. १५ बेडभन्दा माथिका लजलाई | २,०००।०० |
| | २०. १५ बेडसम्मका लजलाई | १,५००।०० |
| | २१. १० बेडसम्मका लजलाई | १,०००।०० |
| | २२. ७ बेडसम्मका लजलाई | ७००।०० |
| | **निर्माण सामग्री तथा विद्युत सामाग्री पसल** | |
| | १. हार्ड वेयर/मेशिनरी/पेन्ट/सेनेटरी तथा मार्बल पसल | ५,०००।०० |
| | २. विद्युत सामाग्री खूद्रा पसल | ३,०००।०० |
| | ३. सोलार बत्ति बिक्री पसल | ५,०००।०० |
| | ४. ग्लास हाउस | १,०००।०० |
| | **सुनचांदी तथा गहना बनाउने पसल** | |
| | १. सून चादी खरिद बिक्री थोक सहित गहना बनाउने | ११,०००।०० |
| | २. सून चादी गहना मात्र बनाउने | २,५००।०० |
| | **स्टेशनरी, पूस्तक तथा मनिहारी पसल** | |
| | १. स्टेशनरी तथा पूस्तक थोक पसल | १,५००।०० |
| | २. स्टेशनरी तथा पूस्तक खूद्रा पसल | ५००।०० |



| | | |
|---|---|---|
| | **कस्मेटिकि पसल** | |
| | १.कस्मेटिकि पसल | १,१००।०० |
| | २.धागो टाक फस्नर पसल | ५००।०० |
| | **माछा, मासु विक्री पसल** | |
| | १. सुगुर/राँगा/खसीको मासु विक्री फ्रेश पसल | ३,०००।०० |
| | २. ताजा माछा, सिद्रा विक्री पसल | १,०००।०० |
| | ३. अण्डा विक्री पसल | ६००।०० |
| | ४. गाइगोरु, रांगाभैंसी, खसीबोका छाला संकलन वा विक्रि | १,०००।०० |
| | ५. कुखुराको फ्रेश पसल | १,०००।०० |
| | **औषधी व्यवसाय** | |
| | १. औषधी थोक तथा dristibutes | ५,०००।०० |
| | २. औषधी पसल चिकित्सक राखि व्यवसाय गरेका | ५,०००।०० |
| | ३. औषधी खूद्रा पसल | १,०००।०० |
| | ४. आयुर्वेदिक /होम्योपेथिक/भेटेनरी पसल | १,०००।०० |
| | ५. आँखा क्लिनिकसहितको चश्मा पसल | १,०००।०० |
| | ६. दन्त चिकित्सालय | ३,०००।०० |
| | **सूचीकार (सिलाई) पसल** | |
| | १. सिलाई पसल श्रेणी क | १,५००।०० |
| | २. सिलाई पसल श्रेणी ख दुईथान मेसिनसम्म भएको | १,०००।०० |
| | ३. बुटिक ल्याब्रटोरी | १,५००।०० |
| | नोटः हाते मेसिन राखि सिलाई गर्नेलाई कर नलिने । | |
| | **इलेक्ट्रोनिक विक्री पसल** | |
| | १. मोवाइल कम्पनी सेल्फ उपशाखा, dstibutes | ५,०००।०० |
| | २. फ्रीज, टि.भी. डेक तथा पार्ट विक्री पसल | २,१००।०० |
| | ३. मोबाईल, क्यमरा, रेडीयो, घडी पसल | १,५००।०० |
| | ४. रेडीयो, घडी, क्याल्कूलेटर पसल | १,०००।०० |
| | ५. अडीयो, भिडीयो क्यासेट पसल | १,५००।०० |
| | ६. इलेक्ट्रोनिक सामान बिक्री तथा पार्टपूर्जा | १,०००।०० |
| | ७. कम्प्युटर, टि.भी., फोटोकपी डिलर | ५,०००।०० |
| | ८. फोटोकपी, कम्पुटर, फ्याक्स, पंखा, डेक मर्मत | ५००।०० |
| | ९. फोटोकपी, कम्पुटर, फ्याक्स, लेमिनेशन | १,०००।०० |

| | | |
|---|---|---|
| | **मर्मत तथा संभार सेवा** | |
| | १.इन्जिन मर्मत (हेभी) बस, ट्रकतर्फ | ३,०००।०० |
| | २.जीप, कार तथा टेक्टर मर्मत तथा सर्भिसिंग | ३,०००।०० |
| | ३.मोटरसाइकल, रिक्सा बडी बनाउने | १,०००।०० |
| | ४.टि.भि, डेक, मोबाईल, फ्रिज मर्मत सेवा | १,५००।०० |
| | ५.इलेक्ट्रोनिक मर्मर्त सेवा | १,५००।०० |
| | ६.रेडीयो,घडी, क्याल्कूलेटर र प्रेसर कुकर, हिटर तथा अन्य सानो विद्युत समान मर्मत पसल | १,५००।०० |
| | ७.रिक्सा, साईकल मर्मत | ४००।०० |
| | ८.सवारी साधन सर्भिसिंग (सवारी धुलाई) तथा सिटहूट मर्मत तथा निर्माण | ५००।०० |
| | ९.सिलाई मेशिन, ग्याँस चुल्हो, स्टोभ मर्मत पसल | ४००।०० |
| | १०.सवारी साधनको ब्याट्री चार्ज तथा मर्मत गर्ने पसल | ७००।०० |
| | ११.टायर मर्मत, हावा भर्ने पम्प्चत टाल्ने | ४००।०० |
| | **सवारी साधन एजेन्सी, थोक विक्री पसल तथा पार्टपुर्जा** | |
| | १. बस, ट्रक, ट्याक्टर जिप, कार प्रतिडिलर | १५,०००।०० |
| | २. मोटरसाइकल तथा स्कूटर | ७,०००।०० |
| | ३. साईकल | ३,०००।०० |
| | ४. मोटर पार्ट तथा बोडी बिल्डर्स सामान विक्री | ५,०००।०० |
| | ५. टायर डिलर | ४,०००।०० |
| | ६. सिटि रिक्सा | ३,०००।०० |
| | ७. ब्याट्री साइकल | २,५००।०० |
| | **सञ्चार सेवा** | |
| | १. कलरल्याव सेवा | २,०००।०० |
| | २. फोटो स्टुडियो सेवा | ७००।०० |
| | ३. टेलिफोन, मोवाईल सेवा प्रदायक कम्पनीलाई निजी | ५,०००।०० |
| | ४. मोवाईल सेवा प्रदायक कम्पनीको सर्भिस सेन्टर | ५,०००।०० |
| | ५. मोवाईल सेवा प्रदायक कम्पनीको shop | २,०००।०० |
| | ६. टि.भि. च्यानल प्रसारण सेवा | १०,०००।०० |
| | ७. केबूल च्यानल प्रसारण सेवा | २०,०००।०० |
| | ८. एफ्.एम्.प्रसारण सेवा | ५,०००।०० |



| | | |
|---|---|---|
| | ९. टुर एंड ट्राभल्स सेवा/वायु सेवा कम्पनिको शाखा | ३,०००।०० |
| | १०. फोटोकपि/पी.सी.ओ.साइवर क्याफे सेवा | २,०००।०० |
| | ११. कुरियर सेवाको मुख्य कार्यालय | २,५००।०० |
| | १२. कुरियर सेवाको शाखा कार्यालय | १,५००।०० |
| | **ड्राई- क्लिनिक धोवि पसल** | |
| | १. ड्राई- क्लिनिक पसल | ७००।०० |
| | **सैलुन तथा ब्युटिपार्लर सेवा** | |
| | १. ब्युटि पार्लर सेवा ब्युटिशियन तालिम सहितको | १,०००।०० |
| | २. ब्युटि पार्लर सेवा | ७००।०० |
| | ३. सैलून २ सीट माथि | ७००।०० |
| | ४. सैलून २ सीटसम्म | ५००।०० |
| | **मदिरा, सुर्ती जन्य पसल** | |
| | १.रक्सी, वियरको कम्पनी | १०,०००।०० |
| | २.रक्सी, वियरको डीलर/सप्लायर्स | ५,०००।०० |
| | ३.चूरोट, बिडी, सुर्तीजन्य पदार्थको थोक पसल | ३,०००।०० |
| | ४.चूरोट, बिडी, सुर्तीजन्य पदार्थको खुद्रा पसल | ५००।०० |
| | ५.हल्का पेय पदार्थको डीलर | २,५००।०० |
| | **बित्तीय सेवा** | |
| | १. बाणिज्य बैंक तथा बिकास बैंक प्रतिशाखा कार्यालय | १०,०००।०० |
| | २. फाइनान्स कम्पनी मुख्य कार्यालय | ५,०००।०० |
| | ३. फाइनान्स कम्पनी शाखा प्रति शाखा | १,०००।०० |
| | ४. वित्तीय सहकारी संस्था (बहुउदेसिय) | १,०००।०० |
| | ५. वित्तीय सहकारी संस्था (अन्य) | १,०००।०० |
| | ६. लघुवित्त कम्पनीहरु | ७,०००।०० |
| | ७. विमा कम्पनीहरु मुख्य कार्यालय | ७,०००।०० |
| | ८. विमा कम्पनीहरु शाखा | २,५००।०० |
| | ९. मनी एक्सचेन्जर तथा ट्रान्सफर | १,५००।०० |
| | १०. कमिसन एजेन्ट | १,५००।०० |
| | ११. कुरियर सेवा | ५००।०० |
| | १२. जग्गा खरिद बिक्री | ५,०००।०० |
| | **पेट्रोलियम पदार्थ** | |

| | | |
|---|---|---|
| | १. पेट्रोलियम पदार्थ (डिजल र पेट्रोल) पम्प भएको | १०,०००।०० |
| | २. पेट्रोलियम पदार्थ पम्प नभएको डिलर | ३,५००।०० |
| | ३. ग्यांस सिलिन्डर विक्री डिलर | १,५००।०० |
| | ४. मट्टीतेल डिलर | ३,०००।०० |
| | ५. मट्टीतेल खुद्र पसल | १,०००।०० |
| | **कवाडी समान, खालि वोरा खरिद बिक्री** | ५,०००।०० |
| | **डुंगा, गिट्टी, बालुवा जम्मा गरी बिक्री गर्ने** | २,०००।०० |
| | १. बांस जम्मा गरी बिक्री गर्ने | १,०००।०० |
| | **टेन्ट हाउस तथा पेण्डाल बनाउने** | |
| | १. टेन्ट हाउस | २,५००।०० |
| | २. पेण्डाल बनाउने (विदेशी भारतीयलाई पटके) | २,५००।०० |
| | ३. क्याटरिंगको समानहरु भाडामा उपलब्ध गराउने | १,०००।०० |
| | ४. बैण्ड बाजा | १,०००।०० |
| | **काठ तथा कोइला खरिद बिक्री** | |
| | १. कोईला खरिद बिक्री | १,०००।०० |
| | २. काठ तथा दाउरा | २,०००।०० |
| | ३. दाउरामात्र विक्री गर्ने | १,०००।०० |
| | **फर्निचर एवं फर्निशर्स** | |
| | १. स्टील, काठ आल्मूनियमको फर्निचर पसल | २,०००।०० |
| | २. फर्निशर्स पसल | १,०००।०० |
| | **स्नुकर/पुल हाउस** | **१,०००।००** |
| | **बिज्ञापन सेवा** | १,०००।०० |
| | **रोजगारी सेवा** | |
| | १. स्वदेशी रोजगारी सेवा | ५,०००।०० |
| | २. विदेशी रोजगारी सेवा | १०,०००।०० |
| | **साईनबोर्ड लेख्ने (पेन्टर )** | १,०००।०० |
| | **हाउजिंग कम्पनी (जग्गा खरिद बिक्री)** | १०,०००।०० |
| | **पेशा (बिशेषज्ञ परामर्श तथा अन्य ब्यवसायीक सेवा)** | |
| | १. चिकित्सक | ३,०००।०० |
| | २. पशु चिकित्सक | २,०००।०० |
| | ३. दन्त चिकित्सा सेवा | ३,०००।०० |



| | | |
|---|---|---|
| | ४. इन्जिनियर | ३,०००।०० |
| | ५. सव इन्जिनियर | २,५००।०० |
| | ६. कानून व्यवसायी वरिस्ठ | ३,०००।०० |
| | ७. अधिबक्ता | ३,०००।०० |
| | ८. अभिवक्ता/अभिकर्ता ई. प्राप्त लेखन्दास | १,५००।०० |
| | ९. कम्पाउण्डर | १,०००।०० |
| | १०. विमा एजेन्ट/शेयर दलाल | १,०००।०० |
| | ११. कविराज | १,०००।०० |
| | १२. अनुसन्धानकर्ता परामर्श दाता | ३,०००।०० |
| | १३. सर्भेयर | २,०००।०० |
| | १४. कन्सल्टेन्ट सेवा | ५,०००।०० |
| | **निर्माण ब्यवसाय (केन्द्रीय कार्यालय भएको)** | |
| | १. श्रेणी क | १०,०००।०० |
| | २. श्रेणी ख | ८,०००।०० |
| | ३. श्रेणी ग | ६,०००।०० |
| | ४. श्रेणी घ | ४,०००।०० |
| | ५. विदेशी निर्माण ब्यवसायी भएमा | ३०००।०० |
| | ६. घर निर्माण ठेकदेदारी व्यवसाय | ३,०००।०० |
| | **लेखा परिक्षण ब्यवसाय तर्फ** | |
| | १. लेखा परिक्षण ब्यवसाय श्रेणी क | ३,०००।०० |
| | २. लेखा परिक्षण ब्यवसाय श्रेणी ख | २,०००।०० |
| | ३. लेखा परिक्षण ब्यवसाय श्रेणी ग/घ | १,०००।०० |
| | ४. कम्प्युटर एनालिस्ट तथा प्रोगा्रमर | १,०००।०० |
| | ५. अनूवादक | १,०००।०० |
| | ६. सामान ढुवानीकर्ता तथा कम्पनी | २,०००।०० |
| | **शिक्षा सेवा** | |
| | १. निजी क्याम्पस स्नातक तह वा सोभन्दा माथि | १५,०००।०० |
| | २. निजी शिक्षालय उच्च माध्यमिक विद्यालय | १०,०००।०० |
| | ३. निजी मा.बि. | ७,०००।०० |
| | ४. निजी नि.मा.बि. | ५,०००।०० |
| | ५. निजी प्रा.बि. | ५,०००।०० |

| | | |
|---|---|---|
| | ६. छात्र/छात्राबस | १,५००।०० |
| | ७. मन्टेश्वरी तथा शिशू स्याहर केन्द्र तथा पूर्ब प्रा.बि. | २,०००।०० |
| | ८. पोली टेकनिकल इन्स्टिच्युट, प्रशिक्षण समेत | ३,०००।०० |
| | ९. नर्सिंग, सिए.मए.ए. र एच.ए. प्रशिक्षण समेत | ५,०००।०० |
| | १०.एजुकेशनल कन्सल्टेन्सी सेवा | २,०००।०० |
| | ११.तालिम तथा अनूसन्धान केन्द्र | २,०००।०० |
| | १२.कम्प्यूटर/इलेक्ट्रोनिक .तालिम/भाषा शिक्षा/कोचिंग सेन्टर/सवारी चालक तालीम केन्द्र | २,०००।०० |
| | १३.संगीत /डान्स तालिम केन्द्र/ जिमखाना (फिटनेस सेन्टर ) | १,०००।०० |
| | १४.व्यबसायिक प्रशिक्षणकेन्द्र | ३,०००।०० |
| | १५.प्राबिधिक शिक्षण संस्था | ३,०००।०० |
| | **गैर सरकारी संस्थाहरु (केन्द्रीय कार्यालय)** | |
| | १. अन्तरास्ट्रिय गैर सरकारी संस्थाहरु | १०,०००।०० |
| | २. रास्ट्रीय गैर सरकारी संस्थाहरु | २,०००।०० |
| | ३. स्थानीय गैर सरकारी संस्थाहरु | १,०००।०० |
| | **स्वास्थ सेवा** | |
| | १. गैह्र सरकारी अस्पताल / नर्सिंगहोम | १५,०००।०० |
| | २. एम्.बि.बि. एस्. क्लिनिक | ३,०००।०० |
| | ३. एम.आर.आइ., सि.टि .स्क्यान, अल्ट्रा साउण्ड क्लिनिक | ३,०००।०० |
| | ४. दिशा,पिसाव,रगत जांच (प्याथोलोजी क्लिनिक ) तथा एक्सरे क्लिनिक | ३,०००।०० |
| | ५. अक्युपन्चर,थेरापी, | २,०००।०० |
| | ६. चश्मा पसल श्रेणी | १,५००।०० |
| | ७. एक्सरे क्लिनिक | १,५००।०० |
| | ८. प्रयोगशाला (ल्याब) | १,५००।०० |
| | ९. मेडिकल कलेज | १५,०००।०० |
| | पशुपंक्षिको आहार /दाना बिक्री पसल | ३,०००।०० |
| | डिपार्टमेन्टल पसल | ७,०००।०० |
| | गिफ्ट तथा फोटो प्रेम पसल | १,०००।०० |
| | बांसको नाग्लो, डोको, कुचो बिक्री | १,०००।०० |



| | | |
|---|---|---|
| | दालचिनी, अलैचि, सकमेल, सुपाडी बिक्री गर्ने (सामान्य) | १,०००।०० |
| | लूब्रिकेसन सेकेसन तर्फ | |
| | १. लूब्रिकेसन Dstributes | २,०००।०० |
| | २. लूब्रिकेसन खूद्रा बिक्री | १,०००।०० |
| | विविध विषयका सामान सप्लायर्स तथा एजेन्सीहरु (नियम १४२ को अनुसुचि १० को सि.न १९ बमोजिम) | ३,०००।०० |
| | फलफूल / पान पसल | १,०००।०० |
| | १. फलफूल थोक पसल | ५००।०० |
| | २. फलफूल खुद्रा पसल | १,०००।०० |
| | ३. सागसब्जी थोक पसल | १,०००।०० |
| | ४. सागसब्जी खुद्रा पसल | ४००।०० |
| | ५. फुल तथा विरुवा बिक्रेता | १,०००।०० |
| | ६. पान पसल | ४००।०० |
| | **छापाखाना** | |
| | १. अफसेट सिलिण्डर सहित प्रेस | ५,०००।०० |
| | २. छापाखाना उद्योग | १५,०००।०० |
| | ३. स्क्रिन प्रिन्ट | २,०००।०० |
| | नर्सरी व्यवसाय | २,०००।०० |
| | मोविल रिफाइन उद्योग | ५०,०००।०० |
| | चाउचाउ उद्योग | ५०,०००।०० |
| | कूकिज/पाउरोटी उद्योग | ३,०००।०० |
| | पापड/चिप्स/फिगर/नूडल्स उद्योग | ५,०००।०० |
| | सुर्तीजन्य,गुटका, बिडी उद्योग | २५,०००।०० |
| | अगर बत्ती तथा मैन बत्ती उद्योग | २,०००।०० |
| | दालमोठ/ भुजिया/ फुकुरदाना उद्योग | २,०००।०० |
| | मसला उद्योग | १०,०००।०० |
| | कपास उद्योग | ५,०००।०० |
| | इलेक्ट्रिक स्विच बोड बनाउने | १०,०००।०० |
| | **मिल** | |
| | १. सेलर मिल | २५,०००।०० |
| | २. फ्लावर मिल | १५,०००।०० |

| | | |
|---|---|---|
| | चिउरा कुटानी | १०,०००।०० |
| | १. सेलर मिल | १०,०००।०० |
| | २. कुटानी पिसानी | २,०००।०० |
| | प्लास्टिक कुर्सी उद्योग | २५,०००।०० |
| | १. प्लास्टिक झोला उद्‌घोग | १०,०००।०० |
| | जुट उद्योग | ५०,०००।०० |
| | डेरी उद्योग | १०,०००।०० |
| | कराही उद्योग | १०,०००।०० |
| | गलौचा उद्योग | १०,०००।०० |
| | पलाइउड उद्योग | २०,०००।०० |
| | गारमेन्ट उद्योग | |
| | १. १०० भन्दा बढी मेशीन भएको | २५,०००।०० |
| | २. ५० देखि १०० मेशनि भएको | २०,०००।०० |
| | ३. १ देखि ५० सम्म मेशिन भएको | १५,०००।०० |
| | **फर्निचर तथा सःमिल** | |
| | १. सःमिल | ७,०००।०० |
| | २. फर्निचर उद्योग | ५,०००।०० |
| | ३. काठको विट उद्योग | १५,०००।०० |
| | ४. ग्रील उद्योग | ५,०००।०० |
| | ५. पशू आहर उद्योग | १५,०००।०० |
| | ६. चक्लेट उद्योग | ५,०००।०० |
| | ७. सिरक डसना उद्योग | ५,०००।०० |
| | ८. मिनरल वाटर उद्योग | १०,०००।०० |
| | ९. बरफ, आइसक्रीम उद्योग | ५,०००।०० |
| | १०. फलामका भाडा उद्योग | ५,०००।०० |
| | ११. तामा, पित्तल, कूकर | २०,०००।०० |
| | १२. आल्मूनियम फिल्टर/आल्मूनियमको गृल तथा सामान बनाउने | २५,०००।०० |
| | १३. फलामका बाल्टी/स्टोभ | १०,०००।०० |
| | १४. सोडा/स्क्वास शर्वत उद्योग | ६,०००।०० |
| | १५. अचार जस्ता घरेलु उद्योग | ६,०००।०० |



| | | |
|---|---|---|
| | १६. सेनेटरी उद्योग | ५,०००।०० |
| | १७. भेनियर उद्योग | २०,०००।०० |
| | १८. पशु पालन उद्योग | ३,०००।०० |
| | १९. पन्छी पालन उद्योग | ३,०००।०० |
| | २०. चिया उद्योग (हरियो पत्ती पेली चिया उत्पादन गर्ने) | ८,०००।०० |
| | २१. चिया उद्योग (सानो ग्रिन चिया उत्पादन गर्ने) | ४,०००।०० |
| | २२. रेलिंग, पुल, इनारको रिंग तथा सिमेन्टका अन्य सामान बनाउने उद्योग | ५,०००।०० |
| | २३. सिमेन्टका पोल तथा ह्युम पाईप उद्योग | २५,०००।०० |
| | २४. धागोबाट तैयार गरिने झोला | ५,०००।०० |
| | २५. एल.पि.जी ग्यास उद्योग | २५,०००।०० |
| | २६. ईंट्टा उद्योग | २५०,०००।०० |
| | २७. कपडा उद्योग | २५०,०००।०० |
| | २८. कोल्ड स्टोरेज | १०,०००।०० |
| | २९. इन्टरनेट सेवा प्रदायक | ७,०००।०० |
| | ३०. सिमेन्ट उद्योग | २५०,०००।०० |
| | ३१. रासायनिक मल उद्योग | २५,०००।०० |
| | ३२. वायर उद्योग | २५,०००।०० |
| | ३३. क्रसर उद्योग | २५,०००।०० |
| | ३४. हस्तकला उद्योग | ३,०००।०० |
| | ३५. अन्डा तथा चल्ला उत्पादन ह्याचारी | २५,०००।०० |
| | ३६. चिप्स तथा फिंगर पापड उद्योग | ७,०००।०० |
| | ३७. बिस्कुट उद्योग | २५,०००।०० |
| | ३८. खाने तेल उद्योग | ५०,०००।०० |
| | ३९. कपी उद्योग | ७,०००।०० |
| | ४०. औषधी उद्योग | २५,०००।०० |
| | ४१. चालु व्यबसायको हकमा माथि उल्लेखित दररेट तथा बन्द व्यबसायको हकमा यस आर्थिक बर्षभित्र बन्द गरेको सूचना दिएको हकमा माथि उल्लेखित दरमा ५० प्रतिशत र निर्माणाधीन अबस्थामा रहेको तर चालु नरहेको हकमा कर | |

| | | |
|---|---|---|
| | नलिने . | |
| माथि उल्लेखित बाहेकका कुनै पनि व्यवसाय र उद्योगलाई संचालन गर्न कार्यपालिका बैठकबाट तत्काल निर्णय गरी गाउँसभामा अनुमोदन गराउने गरी ५०० देखि ५००० सम्म कर लगाउन सकिने छ | | |

**अनुसूची ४**
**(ऐनको दफा ५ सँग सम्वन्धीत)**
**जडिबुटि, कवाडी र जिवजन्तु कर**

चुलाचुली गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटि, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला, जस्ता बस्तुको व्यवसायिक कारोबार गरेवापत देहाय बमोजिमको कर लागाईने र असुल उपर गरिनेछ।

| सि.नं. | विवरण | दर रेट (वार्षिक) | कैफियत |
|---|---|---|---|
| १ | ऊन, खोटो, जडिबुटि, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला, जस्ता बस्तु बिक्री गर्ने व्यवसायी | ३,०००।- | |
| २ | कवाडी कर व्यवसायी | ५,०००।- | |

**अनुसुची ५**
**(ऐनको दफा ६ सँग सम्वन्धीत)**
**सवारी साधन कर**

| | सवारी कर तर्फ | |
|---|---|---|
| (क) | गाउँपालिका क्षेत्र भित्र दर्ता भएका निम्न सवारीहरुमा निम्नानुसारको वार्षिक कर लिने | |
| | १. बस, ट्रक, लरी | १०,०००। |
| | २. जीप, मिनि बस | ५,०००। |
| | ३. ट्रयाक्टर | ५,०००। |
| | ४. कार | ३,०००। |
| | ५. टेम्पो | १५००। |
| | ६. सिटिसफारी | १,०००। |
| (ख) | रिक्सा दर्ता, नविकरण तथा चालक प्रमाणपत्र तर्फ | |



| | | |
|---|---|---|
| | १. बैट्री, सोलारवाट चल्ने नयां रिक्सा, ठेला, भेन दर्ता गाउँपालिका बाहिर तथा डिलरलाई | ३,०००।०० |
| | २. बैट्री, सोलारवाट चल्ने नयां रिक्सा, ठेला, भेन दर्ता गाउँवासी | १,५००।०० |
| | ३. बैट्री, सोलारवाट चल्ने नयां रिक्सा, ठेला, नविकरण | १,०००।०० |
| | ४. नयां रिक्सा, ठेला, भेन दर्ता | १००।०० |
| | ५. रिक्सा, ठेला, भेन नवीकरण | ५०।०० |
| | ६. रिक्सा, ठेला, भेन बुक र फारम दस्तुर रु.५।०० समेत | ५०।०० |
| | ७. रिक्सा चालक अनुमती पत्र बुक सहित | ५०।०० |
| | ८. रिक्सा चालक अनुमति पत्र नविकरण | ३०।०० |
| | ९. रिक्सा नामसारी दस्तुर | ५०।०० |

**अनुसूची ६**
**(ऐनको दफा ७ सँग सम्वन्धीत)**
**विज्ञापन कर**

| | विज्ञापन कर | |
|---|---|---|
| | १. होर्डिंग बोर्ड प्रतिवर्ग फिट | २५।०० |
| | २. ग्लो साईंन विद्युतिय बोर्ड प्रतिवर्ग फिट | ३०।०० |
| | ३. स्क्रिन वोर्ड प्रतिवर्ग फिट | १५।०० |
| | ४. त्रिभिजन वोर्ड प्रतिवर्ग फिट | ३०।०० |
| | ५. फिल्मी व्यानर वा पोस्टर प्रतिवर्ग फिट | १०।०० |
| | ६. आकासे वेलुन प्रतिवर्ग फिट | ५००।०० |
| | ७. साना वोर्ड ३० वर्गफिट भन्दा घटी | ३०।०० |
| | ८. गाडीमा लेखि विज्ञापज प्रतिवर्ग फिट | २५।०० |
| | ९. गाडीमा वोकि विज्ञापन प्रतिवर्ग फिट | ३०।०० |
| | १०. व्यानर गेट | १००।०० |
| | ११. ठुलो साइज व्यानर | ३००।०० |
| | १२. वाल पोस्टर प्रतिवर्ग फिट | ५।०० |
| | १३. वाल पेन्टिंग प्रतिवर्ग मिटर | ५।०० |
| | १४. प्रति वोर्ड बार्षिक रु.१५००।०० मा नबढने गरी | |
| | १५. मदिरा वा सुर्ती अन्यमा ५०% थप गरि लिने | |

(सार्वजनिक स्थानमा गेट लगाउन गाउंपालिकाको स्वीकृती नलिई लगाउन पाउने छैन ।)

**अनुसूचि ७**
**(दफा ८ सँग सम्बन्धीत)**
**मनोरन्जन कर**

चुलाचुली गाउँपालिकाका क्षेत्रभित्र हुने चलचित्र घर, हाट बजार, मेला, साँस्कृतिक प्रदर्शन हल, थिएटर र कन्सर्टमा प्रदेश कानूनले तोके अनुसार मनोरञ्जन व्यवसाय सेवामा कर संकलन गरिनेछ ।

| | विवरण | |
|---|---|---|
| (क) | सार्बजनिक स्थानमा र्सकस प्रदर्शन गर्नेलाई दैनिक | ५००।०० |
| (ख) | बहुरुपी खेल देखाउनेलाई दैनिक | १००।०० |
| (ग) | समय समयमा लाग्ने मेलामा (मेला ठेकेदारबाट पेशा कर वापत) दैनिक | १,०००।०० |
| (घ) | सार्बजनिक स्थानमा भिडियो तथा फिल्म शुटिंग गर्ने स्वदेशी निर्माणकर्तालाई | ५,०००।०० |
| (ङ) | गा.पा.पार्कमा भिडियो तथा फिल्म शुटिंग गर्ने दैनिक | ५००।०० |
| (च) | सार्बजनिक स्थानमा भिडियो तथा फिल्म शुटिंग गर्ने विदेशी निर्माणकर्तालाई | १०,०००।०० |
| (छ) | केबुल संचालन गर्ने व्यवसाय | |
| | १. २०० सम्म ग्राहक संख्या भएको | ५,०००।०० |
| | २. २०० देखि ५०० सम्म ग्राहक संख्या भएको | ८,०००।०० |
| | ३. ५०० देखि माथि ग्राहक संख्या भएको | १२,०००।०० |
| | ४. व्यक्तिले बनाएको निजी पार्क, पिक्निक स्थल | १०,०००।०० |



**अनुसूची ८**

**(ऐनको दफा ९ सँग सम्वन्धीत)**

**बहाल बिटौरीकर (हाट वजार समेत):**

चुलाचुली गाउँपालिकाका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार, टहरा, पसल एवं सार्वजनिक पर्ती, ऐलानी जग्गा, उपयोग गरे वापत देहाय अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ ।

| | | |
|---|---|---|
| | **अस्थायी हाट बजारतर्फ (हाल यस गापा भित्र कुनै पनि हाटबजार चालु अवस्थामा नरहेको हुँदा कार्यान्वयन नभएको । लागेको खण्डमा सोहि अनुसार हुने ।** | |
| | १. क श्रेनीको चुरा चामल बाट्टीदार पसल १ मा | १५।०० |
| | २. ग श्रेणीको चामल बट्टीदार पसल | ८।०० |
| | ३. सिलाई मेसिन प्रति पसल एक मेसिनमा | १०।०० |
| | ४. चुना हाडी, छछीमा | ५।०० |
| | ५. दाउरा थोक राखी बेच्ने पसल | २५।०० |
| | ६. दाउरा एक बोझमा | ५।०० |
| | ७. पहाडी बाँस एक बोझमा | १०।०० |
| | ८. खाजा नास्ता पसल एकमा | २५।०० |
| | ९. खाजा नास्ता पसल ढाकिमा | १०।०० |
| | १०. पान थोक खुद्रा बिक्री गर्ने पसल | २५।०० |
| | ११. दही भारावाल पसलमा | ७।०० |
| | १२. खुर्पी, हसुवा, चक्कु आदी फलामे पसलमा | २५।०० |
| | १३. झाडु, कुचो, खरारा पन्ती पसल | २५।०० |
| | १४. पटेर, परालको गुन्द्री (पटिया) प्रतिगोटा | ५।०० |
| | १५. नंग्लो सुपो प्रतिपसल | १०।०० |
| | १६. बिरुवा बेच्ने प्रतिपसल | २०।०० |
| | १७. फाटा कम्पनीको कपडा बेच्ने | २५।०० |
| | १८. कपडा मिश्रित रेडिमेड पसल | ५०।०० |
| | १९. सब्जी गोरु गाडी पसल एकमा | २५।०० |
| | २०. बिउबिजन बेच्ने प्रतिपसल | २५।०० |
| | २१. आलु बोरा प्रतिपसल | २५।०० |
| | २२. किराना सामान बेच्ने छाना छाप्रो भुइँ समेतमा | १५।०० |
| | २३. मनिहारी पसल | २५।०० |

| | | | |
|---|---|---|---|
| | २४. | चुडी, लट्टी समेतको पसल | २५।०० |
| | २५. | तेज पात प्रति भार | १५।०० |
| | २६. | सनपाटको डोरी, सिक बेच्ने पसल | १५।०० |
| | २७. | अत्तर, तेल, दबाई, साबुन आदी | २५।०० |
| | २८. | पुस्तक बेच्ने प्रतिपसल | २५।०० |
| | २९. | चकटी खेल तमासा | २५।०० |
| | ३०. | टर्च, ताला आदी मर्मत गर्ने | ५।०० |
| | ३१. | सुकेको खुर्सानी प्रतिबोरा, भारमा | १०।०० |
| | ३२. | सुन्तल, कटहर, केरा, जामुन, नासपाती, आँप प्रतिगाडी | २५।०० |
| | ३३. | सुन्तल, कटहर, केरा, जामुन, नासपाती, आँप प्रतिबोरा | १०।०० |
| | ३४. | ख श्रेणी को चुरा चामल बट्टीदार पसल १ मा | १०।०० |
| | ३५. | नून मात्र बेच्ने पसल | १०।०० |
| | ३६. | साबे डोरी बेच्ने पसल एकमा | १०।०० |
| | ३७. | दाउरा बैल गाडीमा | २५।०० |
| | ३८. | दाउरा भार एकमा | १०।०० |
| | ३९. | बाँस प्रतिगोटा | ५।०० |
| | ४०. | खर एक बोझमा | ५।०० |
| | ४१. | सखर गुड बेच्ने पसल | २०।०० |
| | ४२. | दबाई जडिबुटी बेच्ने | २५।०० |
| | ४३. | खैनी, सुर्ती, पिन, कंकड प्रतिपसल | २५।०० |
| | ४४. | पटेर, परालको पटिया थोक | २०।०० |
| | ४५. | खेलौना पसल | २५।०० |
| | ४६. | घिउ टिनको बिक्री गर्ने पसलमा | २५।०० |
| | ४७. | घिउ खुद्रा बेच्ने | १०।०० |
| | ४८. | कम्बल, राडी पसल | ५०।०० |
| | ४९. | सब्जी चट्टीदार पसल छाना छाप्रोमा | २५।०० |
| | ५०. | मट्टीतेल, खानेतेल खुद्रा बेच्ने | २५।०० |
| | ५१. | आलु सानो ढाकिमा बेच्ने | ५।०० |
| | ५२. | मसला पसल | १०।०० |
| | ५३. | माटोको भाडा पसल | २५।०० |



| | | | |
|---|---|---|---|
| | ५४. | बिस्कुट, चकलेट आइसक्रिम | १०।०० |
| | ५५. | बेल्ना, चाक्ला आदि बेच्ने | १०।०० |
| | ५६. | टोकरी, ढाकी, छिटा बेच्ने प्रतिपसल | १०।०० |
| | ५७. | आल्मुनियम, टिना, पित्तलको भाडा पसल | २५।०० |
| | ५८. | सैलुन प्रतिपसल | १०।०० |
| | ५९. | छाता मर्मत गर्ने पसल | ५।०० |
| | ६०. | जुत्ता मर्मत गर्ने पसल | ५।०० |
| | ६१. | पिठोमात्र बेच्ने पसल | ५।०० |
| | ६२. | सबै किसिमको माछा पसल | ५०।०० |
| | ६३. | खसी, बोका मासु पसल | १००।०० |
| | ६४. | सुगुर, बगुरको मासु पसल | १५०।०० |
| | ६५. | राँगा (भैंसी) को मासु पसल, हाँस, कुखुरा मासुको पसल | ५०।०० |
| | ६६. | परेवा प्रतिजोडी | १०।०० |
| | ६७. | हाँस कुखुरा जिउदो प्रतिगोटा | १०।०० |
| | ६८. | खसी, बोका, जिउदो बिक्री प्रतिगोटा | १००।०० |
| | ६९. | गोरु, गाई, बाछा, बाछी, राँगा, भैंसी आदी प्रतिगोटा | २००।०० |
| | | | |

**अनुसूची - ९**
**(दफा १० सँग सम्बन्धित)**
**पार्किङ्ग शुल्क**

**चुलाचुली** गाउँपालिकाका क्षेत्रभित्र गाउपालिकाले कुनै स्थान विशेषमा सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराएको अवस्थामा पाकिङ्ग शुल्क वापत देहाय अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ।

| | पार्किंग शुल्क | |
|---|---|---|
| (क) | बस, ट्रक, मिनी बस, ट्र्याक्टरलाई | ३०।०० |
| (ख) | कार, जीप, भेनलाई | २०।०० |
| (ग) | मोटरसाइकल | १०।०० |
| (घ) | साइकल | २।०० |
| | L | |

**अनुसूची - १०**
**(ऐनको दफा १२ सँग सम्वन्धीत)**
**सेवा शुल्क, दस्तुर:**
**चुलाचुली गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार र उपलब्ध गराएको सेवामा सेवाग्राहीबाट देहाय अनुसार शुल्क असुल उपर गरिनेछ।**

**(१).स्थानीय पूर्वाधार सेवा शुल्क (सडक पूर्वाधार प्रयोग वापत)**

| | | |
|---|---|---|
| (क) | वार्षिक सवारी कर तिरेका बाहेक बाहिरबाट आउने निम्न सवारीहरुमा निम्नानुसारको पूर्वाधार उपयोग सेवा शुल्क लिइनेछ | |
| | १. बस, ट्रक, लरी | ५०। |
| | २. जीप, मिनि बस | ४० |
| | ३. ट्र्याक्टर | ४०। |
| | ४. कार | २०। |
| | ५. टेम्पो | २०। |
| | १. सिटी सफारी | १०. |
| माथि उल्लेखित सवारी साधन मध्ये चुलाचुली गाउँपालिका क्षेत्र भित्रका खोलाबाट वालुवा निकाली सडक प्रवेश गर्दा तपशिलको दररेटमा थप शुल्क असुल गरिनेछ। | | |
| | १. ट्र्याक्टर | ८० |
| | २. टिफर | १०० |

थप शुल्क वा स्थानीय पुर्वाधार शुल्क मध्ये एक प्रकारको शुल्क मध्ये जुन बढी छ सो शुल्क मात्र सकलन हुनेछ ।

**(२).कार्यालयले उपलब्ध गराएको वा प्रवाह गरेको विभिन्न सेवा सुविधा एवं सिफारीसमा लाग्ने सेवा शुल्क तथा सिफारीस दस्तुर**



| | | |
|---|---|---|
| | **सम्पत्ति मूल्यांकन दस्तुर** | |
| | १. गाउँपालिकाभित्रको घर जग्गाको सम्पति मूल्यांकन गर्नुपर्ने भएमा सो वापत सम्पत्ति धनीबाट प्रतिहजारमा | ०.२५ |
| | २. बिद्धार्थीहरुको हक गाउँपालिकाभित्रको घर जग्गाको सम्पति मूल्यांकन गर्नुपर्ने भएमा सो वापत सम्पत्ति धनीबाट प्रतिहजारमा | ०.१५ |
| | **घर नक्शा पास दस्तुर** | |
| | १. आवासीय घरको नक्सा पास गर्दा प्रतिवर्ग फिट | २।०० |
| | **उद्योगतर्फ** | |
| | १. टिनको छानो र टिनको पर्खालको प्रतिवर्ग फिट | ५।०० |
| | २. छानो टिनको तथा इट्टाको पर्खाल प्रतिवर्ग फिट | ६।०० |
| | ३. इट्टाको पर्खाल तथा सिमेन्टको ढलान भएको प्रतिवर्ग फिट | ७।०० |
| | ४. घर नक्शा पास को किताब (आवासीय) | ५००।०० |
| | ५. घर नक्शा पास को किताब (उद्घोग) | १,०००।०० |
| *नोट:नक्शा पास गर्नु पर्ने नियम पछि नक्शा पास नगरी घर बनाएमा नियमानुसार लाग्ने दस्तुरमा प्रति वर्ग फुटको ५० प्रतिशत थप जरिवाना लिई नियमित गरिनेछ ।* | | |
| | १. नामसारी प्रतिघर (आवासीय) | ५००।०० |
| | २. नामसारी प्रतिघर (उद्घोग) | १०,०००।०० |
| | निवेदन तथा सिफारिस दस्तुर | |
| | १. निवेदन दस्तुर नियमानुसार लाग्ने | १०।०० |
| | २. नक्कल दस्तुर नियमानुसार लाग्ने (प्रतिपाना) | १०।०० |
| | ३. नक्कल दस्तुर सम्पति कर | २०।०० |
| | ४. नक्कल दस्तुर सिफारिस | ५०।०० |
| | ५. नक्कल दस्तुर नक्शा पास | ३००।०० |
| | ६. नागरिकता वंशजको नाताले सिफारिस दस्तुर फारमसहित | १००।०० |
| | ७. नागरिकता अंगीकृतको सिफारिश दस्तुर फारमसहित | ३००।०० |
| | ८. नागरिकता प्रतिलिपी दस्तुर | १००।०० |
| | ९. मिलापत्र दस्तुर (दुवै पक्षबाट आधा/आधा बेहोरिने गरी) | ११०।०० |
| | १०. नाता प्रमाणित दस्तुर नेपालीमा (अग्रेजीमा नाता प्रमाणित दस्तुर थप रु ८००/- लाग्नेछ) | २००।०० |
| | ११. घर कायमको सिफारिश | ५००।०० |
| | १२. सरजमीन सिफारिश दस्तुर | ४५०।०० |
| | १३. उजुरी तथा मुद्दा दस्तुर | १००।०० |
| | १४. चालचलन, तीन पुस्ते, नाता सम्बन्ध सम्बन्धी सिफारिश | २००।०० |

| | | |
|---|---|---|
| | नेपाली | |
| | १५. विद्युत खानेपानीको सिफारिश | १००।०० |
| | १६. ३ फेसको विद्युत सिफारिस (उद्योग) | १,०००।०० |
| | १७. ३ फेसको विद्युत सिफारिस (कृषि) | १००।०० |
| | १८. व्यवसाय नामसारी सिफारिश दस्तुर | २००।०० |
| | १९. व्यवसाय लगत कट्टा सिफारिश दस्तुर | २००।०० |
| | २०. माथि बाहेकका अन्य सिफारिस | २००।०० |
| | **चार किल्ला प्रमाणित/जग्गा नामसारी** | |
| | १. प्रति कित्ता | २६०।०० |
| | २. थप प्रतिकित्ता | १००।०० |
| | ३. घर बाटो सिफारिस एकीकृत सम्पति कर मूल्यांकनको ०.१० प्रतशित (जुन जग्गाको जति क्षेत्रफलको सिफारिस गरिने हो त्यसै जग्गाको त्यतिनै क्षेत्रफल बराबरको मूल्यांकन गरी कर अशुल गरिने छ) | |
| | ४. संघ संस्था दर्ता सिफारिश दस्तुर | १,०००।०० |
| | ५. फोटो टाँसको सिफारिस | २१०।०० |
| | *६. अंग्रेजी भाषामा सिफारिश गराउदा सिफारिश दस्तुर वापत थप रु. ३००।०० लाग्नेछ ।* | |
| | **मोही लगत कट्टा सिफारिश** | |
| | १. १ कट्ठासम्मको | ५००।०० |
| | २. १ कट्ठादेखि माथि प्रति कट्ठा थप | ५०।०० |
| | उद्योग स्थापना सिफारिश दस्तुर ब्यबसाय दर्ता गर्दा लिएको बराबर नै लग्नेछ . | |
| | व्यक्तिगत घटना दर्ता शुल्क | |
| | १. ३५ दिनभित्र दर्ता गर्न आएमा (निवेदन दस्तुर वापत मात्र) | १०।०० |
| | २. ३५ दिनपछि दर्ता गर्न आएमा | १००।०० |
| | ३. व्यक्तिगत घटना प्रमाण पत्रको प्रतिलिपी | १५०।०० |
| | **निजी विद्यालय स्थापना दस्तुर** | |
| | १. नयां विद्यालय स्थापना गर्न | ३,०००।०० |
| | २. थप कक्षा सिफारिश प्रतिकक्षा रु. | १,५००।०० |
| | ३. विद्यालय ठाउं सारी / नामसारी | १,०००।०० |
| | **धनिपुर्जामा तिन पुस्ते कायम तथा संसोधन** | ३००।०० |
| | **लकडी प्राप्त गर्ने प्रयोजनको लागी** | ३००।०० |



| | | |
|---|---|---|
| | **रुख काटने सिफारिस प्रति रुख** | ५०।०० |
| | **अपूतालिको सिफारिस दस्तुर** | ५००।०० |
| | **छुट जग्गा दर्ता सिफारिस** | ५००।०० |
| | **पेन्शन पट्टाको सिफारिस** | २००।०० |
| | **संस्थागत अनुरोधमा व्यक्ति विशेषलाई गरिएको किटानी सिफारिस** | ५००।०० |
| | **घर भत्काएर सामान ल्याउने सिफारिस** | **५००।००** |
| | **बाटो प्रमाणित** | ८००।०० |
| | **विद्युत लाइनतर्फ** | |
| | केन्द्रीय विद्युत प्रशारण लाइनको प्रतिखम्बा रु. | ५,०००।०० |
| | १. प्रति ट्रान्सफर रु. | ३,०००।०० |
| | २. साधारण खम्बा रु. | १,५००।०० |
| | ३. सबै किसिमका तारको प्रति मिटर रु. | १।०० |
| | **खानेपानी संस्थान/ उपभोक्ता समितितर्फ** | |
| | १. पाइप विछाएको प्रति मिटर रु. | १।०० |
| | **नेपाल टेलिकमतर्फः** | |
| | १. भूमिगत केवुल मेनहोलको रु. | ५,०००।०० |
| | २. टेलिफोन क्याविनेट प्रति रु. | २,०००।०० |
| | ३. केबल तार प्रति मिटर रु. | १।०० |
| | ४. केबल तार तानेको प्रति खम्बा रु. | ५००।०० |
| | सर सफाई शुल्क | |
| | **भाडा** | |
| | १. सभा कक्ष हल भाडा दैनिक | १,५००।०० |
| | २. मल्टिमिडिया भाडा दैनिक | १,०००।०० |
| | **कार्ड दस्तुर** | |
| | १. पारिवारिक लगत कार्डको दस्तुर नयाँ | २५।०० |
| | २. पारिवारिक लगत कार्डको प्रतिलिपी दस्तुर | ५०।०० |
| | ३. पारिवारिक लगत कार्डको थपघट दस्तुर | २५।०० |
| | ४. व्यवसाय प्रमाण पत्रको कार्डको दस्तुर | ५०।०० |
| | ५. फोटोकपी दस्तुर प्रतिपाना | २।०० |
| | **गाउँपालिकाको अमिन लगी निजी जग्गा नाप जांच गर्नु परेमा** | १०००।०० |

## अनुसूची ११

(दफा १४ सँग सम्बन्धीत )

**कर छुट**

१. यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै किसिमको कर छुट दिइने छैन ।तर विशेष परिस्थिती भएको खण्डमा कार्यपालिकाले पुष्ट्याइ सहित कुनै विषयमा छुट गर्न सक्नेछ ।

## अनुसूची १२

**(दफा १६ सँग सम्बन्धित)**

**दण्ड र जरिवाना**

| सि.न. | विवरण | आ.व. २०७५/७६ को प्रस्तावित | कैफियत |
|---|---|---|---|
| १. | ३५ दिन नाघि दर्ता हुने व्यक्तिगत घटना | ५०।० | अन्यत्रबाट बसाई सरी आएका र बसाई सर्नुपूर्व अन्यत्र बाटै व्यक्तिगत घटना दर्ता गर्नु पर्नेमा सो नगरी बसाई सरे पछि यस गाउँपालिकामा दर्ता हुने व्यक्तिगत घटना दर्ताको हकमा थप रु ५०।० |
| २. | गाउँपालिकालले तोकेको निशेधित क्षेत्र तथा छिमेकिलाई असर पर्ने गरी घर छेउ, चोक लगायतका क्षेत्रमा फोहोर फाल्नेका हकमा | १,०००।० | फोहोर उठाउन लागेको रकम समेत थप लिने |
| ३ | क) जथाभावि चौपाय छोड्नेका हकमा प्रतिदिन प्रति चौपाय | २००। | १५ दिन सम्म पनि चौपाया लिन चौपाय धनी नआएमा गाउँपालिकाले लिलाम गर्नेछ |
| | ख) खसि, बाखा, भेडा च्यांग्रा आदी | १००।० | पाठापाठिको हकमा खुराकी खर्च प्रति दिन रु ७५।० |
| | ग) गाई, गोरु, रांगा, भैसी, घोडा, संुगुर बंगुर घरपालुवा कुकुर, लगायत | २००।० | खुराकी खर्च थप रु १००।० प्रतिदीन । बाछा बाछि र पाडापाडिको हकमा सो को ५० % थप |
| | घ) माथि उल्लेखित बाहेकका चौपायाको हकमा | १००।० देखि २००।० सम्म | खुराकी रु १००।० प्रतिदिन |
| ६ | **झुठ्ठा विवरण पेश गर्नेका लागि** | | |
| | क) सम्पतिको विवरण | मुल्याङ्कनको थप ०.१% | |
| | ख) उद्योग, ब्यापार तथा ब्यवशायको विवरण | मुल्याङ्कनको थप ०.१ % | |
| | ग) गाउँपालिकाले मागेका अन्य विवरण | ५००।० | |
| | अर्कालाई अफठ्यारो पार्ने नियतले रुख, पर्खाल | १,०००।० देखि ५,०००।० | गाउँपालिकाले |



| | | | |
|---|---|---|---|
| ७ | लगाउने, घर टहरा निर्माण गर्ने | सम्म | हटाउंदाको खर्च समेत थप गरि लिने |
| ८ | **सबै प्रकारका पसल तथा व्यवशाय खोली गाउँपालिकामा दर्ता नगरी अनुमति बेगर सञ्चालन गरिरहेको (प्रथम वर्षका लागि)** | | |
| | क) १ वर्ष सम्म नआएकोलाई आधार दरमा थप | १० % | |
| | ख) २ वर्ष सम्म नआएकोलाई आधार दरमा थप | २० % | |
| | ग) २ वर्ष भन्दा माथि नआएकोलाई आधार दरमा थप | ५० % | यस पछि प्रति बर्ष दोब्बर हुँदै जाने |
| ९ | सार्वजनिक बाटो लागायत सांधसधिंयारीलाई बाधा अवरोध पुग्ने गरी ढल, नाला, चर्पी, सेफि्ट टैंकि बनाउनेलाई | २,०००।० | १.गाउँपालिकाले हटाउंदाको खर्च समेत थप गरि लिने<br>२. बाटोमा १२ र १३ मा भएको घट्नाका आधारमा हुने सम्भावित हानि नोक्सानीको जिम्मेवारी समेत सम्बन्धित व्यक्ति बाटै असुल उपर गर्ने |
| १० | इजाजत बेगर सार्वजनीक स्थान, बाटो, घोडेटो, गोरेटो घेर्ने, गाई बस्तु बांध्ने, माटो, गिटी बालुवा तथा ढुंगा लगायतका सामान राख्ने र बाटोमा पराल /थ्रेसर राखि बाटो समेत अवरोध गर्नेलाई आफ्नो प्रयोगमा ल्याउनेलाई | १,५००।० | |
| ११ | विना अनुमति सार्वजनिक सम्पतिको हानि नोक्सानी, अतिक्रमण वा अपचलन गर्ने, | २,५००।० | त्यस सम्पतिलाई दुरुस्त पार्न लाग्ने खर्च समेत थप |
| १२ | विना अनुमति सार्वजनिक जग्गामा वा त्यस्तो जग्गा मिचि घर, टहरा आदी निर्माण गर्ने | ५,०००।० | घर टहरा भत्काउदा र हटाउँदा लागेको खर्च समेत असुल गर्ने |
| १३ | कुनै किसिमका यन्त्र उपकरण जोडि वा कुनै उपकरण वा मनोरञ्जनका साधन द्वारा छर छिमेक वा समाजमा शान्ति भङ्ग हुने कृयाकलाप गर्नेलाई | १,१००।० | हटाउन लाग्ने खर्च समेत असुल गर्ने |
| १४ | पसलहरूमा मूल्य सूची नराख्नेलाई | १००० देखि ५,१००।० सम्म | व्यवशायको प्रकृति हेरी अनुगमन टोलिको सिफारीसमा कार्यपालिकाले निर्णय गर्ने |
| १५ | आफ्नो नाममा रहेको खेति योग्य जग्गा जमिन बांझो राख्नेलाई | मालपोत रकमको २५ प्रतिशत | |

| | | | |
|---|---|---|---|
| | **इजाजत वेगर निशेधीत क्षेत्र बाट ढुंगा, गिटि, बालुवा, माटो लगायतका चिज बस्तु निकालेमा** | | |
| १६ | क) प्रति ट्याक्टर | ५,०००।० | १. एक पटक भन्दा बढी पटक को हकमा प्रति पटक दोब्बर हुँदै जानेछ |
| | ख) प्रति टिपर | १०,०००।० | |
| | ग)नदी जन्य सामाग्रीको हकमा नम्बरी जग्गाबाट समेत निकाल्न पाईने छैन यदि निकालेको पाइएमा प्रचलित कानून अनुसार कारवाही हुने र प्रति घन जरीवाना | २००। | |
| १७ | **बहाल विटौरी कर महिनामा भूक्तान भएको ३ दिनभित्रमा दाखिला गर्नुपर्नेछ। सो नगरेमा,** | | |
| | क) पहिलो म्याद पश्चात थप | ५% | |
| | ख) दोश्रो महिना थप | १०% | |
| | ग) तेश्रो महिना थप | १५% | |
| | घ) अन्य तोकिएको कर शुल्क समयमै दाखिला नगरेमा वार्षिक १५% थप लाग्नेछ। | | |

उल्लेखित कर तथा सेवा शुल्क प्रत्येकको फरक फरक कर लगाँदा भौगोलिक कठिनाईका कारण संकलन गर्न कठिनाई हुने भएकोले कुनै एक वा सो भन्दा बढी अनुसूचिमा उल्लेखित विवरण भएको दररेटलाई एकमुष्ट ठेक्का व्यवस्था गर्न सकिनेछ।